SCHEER MEMORIAL

Adventist Hospital

Managed & Operated Under:
Scheer Memorial Medical & Educational Trust

सुची दर्ता गराउने बारे सूचना
(प्रकाशित मिति-२०८३/०४/०१)

यस शीर मेमोरियल एड्भेन्टिष्ट अस्पताललाई आवश्यक पर्ने तपशिलका सामान तथा सेवाहरु उपलब्धताको लागि सेवा प्रदायकहरुको सुची सुचीकृत गरिने भएको हुँदा आ.व. २०८३/८४ को लागि मौजुदा सुचीमा दर्ता हुन इच्छुक रजिस्टर्ड फर्म तथा कम्पनीहरुले निम्न लिखित कागजातहरु संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले गर्न चाहेको कार्यको लागि तोकिएको समय भित्र अनलाइन निवेदन पेश गर्नु हुन सूचना प्रकाशित गरिएको छ। आवेदन फर्मको लागि यस अस्पतालको वेभसाट scheermemorial.org मा News/Public Notice भित्र गई google form मा भर्न सक्नुहुनेछ।

आपुर्ति गराउनु पर्ने सामान तथा सेवाहरु

१) सर्जिकल तथा क्लिनिकल सामानहरु
२) प्रयोगशाला सम्बन्धि रिएजेन्टहरु
३) एक्सरे फिल्म तथा केमिकलहरु
४) दन्त चिकित्साका सामानहरु
५) अर्थोपेडिक सामान तथा इम्प्लान्टहरु
६) मेडिकल उपकरणहरु तथा सेवाहरु
७) फिजियोथेरापी, नाक, कान र घाँटी सम्बन्धी
८)कम्प्युटर सम्बन्धी सामाग्री तथा सेवाहरु
९) सुरक्षा गार्ड सेवा
१०)सरसफाई तथा लण्ड्री केमिकल सम्बन्धी सामानहरु
११) ट्राभल एजेन्सी सेवा
१२) रङ्गरोगन तथा साजसज्जा सेवा प्रदायक
१३) ईलेक्ट्रिकल्स, इलेक्ट्रोनिक्स, प्लम्बिङ्ग तथा हार्डवयर सामानहरु
१४)अस्पताललाई Linen र कर्मचारी पोशाकको लागि कपडा आपुर्ति तथा पोशाक सिलाई कार्य
१५)भवन निर्माण र मर्मत सम्बन्धी
१६)सवारी साधनहरुको पार्ट पुर्जा तथा सर्भिसिङ्ग सेवाहरु
१७) स्टेशनरी,छपाई एवं डिजाईन तथा मसलन्दका सामानहरु
१८) फर्निचर, तथा फर्निसिङका सामाग्री आपूर्ति तथा मर्मत कार्यहरु
१९) इन्टरनेट सेवा
२०) खाद्यन्न,तरकारी,फलफुल,दुध/दहि,तथा माछा मासु आपुर्ति
२१) फार्मेसी सम्बन्धी सामानहरु
क)औषधीहरु
ख)सर्जिकल सामानहरु
२२) इन्जिनियरिङ सेवा, सिभिल आर्किटेक तथा भवन निमार्ण सेवा
२३) फोहरमैला व्यवस्थापन सामाग्रीहरु
२४)साथै अन्य सामाग्रीहरु

नोटः माग गरिएका आवश्यक कागजातहरु संलग्न नगरिएका निवेदनहरु स्वीकार गरिने छैन।

Shakya

सुर्य प्रभा शाक्य
प्रमुख प्रशासकीय अधिकृत
शीर मेमोरियल एड्भेन्टिष्ट अस्पताल

SCHEER MEMORIAL
Adventist Hospital
Managed & Operated Under:
Scheer Memorial Medical & Educational Trust

निबेदनसाथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु

१) फर्म कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि (नविकरण सहित) तथा VAT/PAN मा दर्ता भएको प्रमाण पत्र ।

२) सुचिकृत हुन चाहने फर्मले सुचिकृत हुन चाहेको क्षेत्रमा कार्य गर्न आधिकारीक निकायको अनुमति प्राप्त भएको हुनु पर्नेछ ।

३) आ. व. २०८१/८२ को बार्षिक रुपमा कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि

४) उत्पादक तथा आधिकारिक डिलर एवं बितरक भए सो पुष्टि गर्ने प्रमाण पत्रको प्रतिलिपि (नविकरण सहितको)

५) दर्ता भई सम्बन्धित कार्य एबं सेवामा कम्तिमा २ बर्षको अनुभव पुष्टि हुने कागजातहरु

६) औषधी सम्बन्धी सेवा प्रदायकहरुले तल उल्लेखित प्रमाण पत्रहरु प्रतिलिपि पेश गर्नु पर्ने साथै शर्तहरु लागु हुने छन् ।

क) फर्म वा डिष्ट्रिब्यूटर्सले औषधि ब्यबस्था बिभागमा अनिवार्य रुपमा दर्ता (नविकरण सहितको) र आयकर दर्ता नविकरण गरेको साथै WHO GMP सर्टिफिकेटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख) WHO GMP सर्टिफिकेट पेश नगरिएको कम्पनीको आइटमहरु स्वत: Disqualified गरिनेछ ।

ग) फर्म वा डिस्ट्रिब्यूटर्सले आफ्नो प्रोडक्टहरुको बारेमा सम्बन्धित सबै जानकारीहरु (जस्तै: ब्रान्ड नेम, एक्टिभ इनग्रेडिएन्ट्स, फर्मुलेसन, स्ट्रेन्थ, साइज, भोलुम, प्याकिङ्ग आदि) लिखित रुपमा दिनुपर्नेछ । औषधी आपूर्ति गर्दा पहिले नै लिखित रुपमा स्पेशिफिकेशन दिए अनुसारका प्रोडक्टहरु मात्र दिनुपर्नेछ ।

७) सुचिकृत हुन निबेदन दिने मध्ये उचित बिबरण, उत्पाक कम्पनी वा सो कम्पनीका अधिकृत बिक्रेता, प्राविधिक तथा आर्थिक दक्षता एवं क्षमता र अनुभवका आधारमा उपयूक्त ठहरिएका फर्म तथा कम्पनीहरुलाई मात्र सुचिकृत गरिनेछ ।

८) म्याद भित्र पेश नभएको र रित नपुगेको निबेदन उपर कुनै कारबाही गरिने छैन ।

९) सुचिकृत भएको फर्म एवं कम्पनीहरुबाट आवश्यक्ता अनुसारको सामान तथा सेवा प्राप्त गर्न उक्त कार्यमा कोटेशन माग गरि कार्य अगाडी बढाइने छ

१०) सुचिकृत भएका फर्म एवं कम्पनीहरुले सन्तोषजनक रुपमा सेवा प्रवाह नगरेमा बिना सूचना सूचि हटाउन सकिनेछ ।

११) कालो सूचिमा नपरेको स्वघोषणा पत्र ।

माथि उल्लेखित सामान तथा सेवाहरुको लागि प्राप्त आवेदनहरुबाट आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अस्पतालमा निहित हुनेछ । साथै मौजुदा सूचिमा सूचिकृत भएकाहरु मध्ये अस्पतालले आवश्यक्ता अनुसार खरिद कार्यमा सहभागी गराउन सक्ने छ ।

Banepa-5, Kavre, Bagmati Zone-3, Nepal •Phone: 977-11-661111, 661112
E-mail: scheerhospital@gmail.com •Mailing Address: P.O. Box. 88, Kathmandu, Nepal